## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः३ मितिः२०७७/०५/०८

भाग-२

रघुगंगा गाउँपालिका

## रघुगंगा गाउँपालिका व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधी-२०७७

भाग २ खण्ड ४  संख्या ३ मितिः २०७७/०५/०८

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि

# २०७७

कार्यपालिकावाट स्वीकृत मितिः२०७७/०५/०८

## रघुगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## मौवाफाँट, म्याग्दी

## गण्डकी प्रदेश, नेपाल

## प्रस्तावना

रघुगंगा गाउँपालिका क्षेत्रभित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरूलाई कानुनी दायरामा ल्याउन व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धनमार्फतउपभोक्ता हित संरक्षण गर्न, स्थानीय सरकार र व्यवसायीहरूबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि वढाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५८ बमोजिम रघुगंगा गाउँपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१

**प्रारम्भिकः-**

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधिको नाम "रघुगंगा गाउँपालिका व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधी-२०७७" रहनेछ ।

(ख) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यालय"भन्नाले यस रघुगंगा गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा" भन्नाले यस रघुगंगा गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ।

(ग) "वडा कार्यालय" भन्नालेयस रघुगंगा गाउँपालिका अन्तर्गतका आठ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले यस रघुगंगा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस रघुगंगा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस रघुगंगा गाउँपालिकाको सदस्यहरूलाई सम्झनु पर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस रघुगंगा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस रघुगंगा गाउँपालिकाको ८ वटै वडाका समितिहरू सम्झनु पर्नेछ ।

(झ) "व्यवसायी" भन्नाले यस रघुगंगा गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले रघुगंगा गाउँपालिकाले स्वीकृत गरेको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि-२०७७ सम्झनु पर्नेछ ।

**३. क्षेत्रः-**

यस रघुगंगा गाउँपालिका क्षेत्र भित्रका सवै व्यवसायीहरूलाई यस कार्यविधिले समेट्नेछ ।

**४. विषयगत क्षेत्रः-**

विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरू पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रीहरू खाद्यान्नको कारोवार गर्ने थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म

(छ) औषधि पसल

(ज) पर्यटन व्यवसाय

## परिच्छेद-२

## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

**५. व्यवसाय दर्ता प्रक्रियाः-**

(क) व्यवसाय दर्ता गर्नुपर्नेः- रघुगंगा गाउँपालिकामा कारोवार गर्ने प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(ख) सूचना प्रकाशन गरिनेः- व्यवसाय दर्ताको लागि सूचना स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गरिनेछ ।

(ग) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्नेः- हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीले आश्विन मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मिति ३ महिनाभित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरी सक्नुपर्नेछ ।

**६. दर्ताका लागि आवश्यक कागजातहरूः-**

**६.१ व्यवसाय दर्ता तथा नविकरणका लागि व्यवसायीले देहायका कागजातहरू सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।**

(क) हालसालै खिचेको २ प्रति फोटो

(ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ग) वडा कार्यालयको सिफारिस

(घ) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(ङ) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(च) उद्योगको हकमा संधियारको मञ्जुरीनामा

(छ) समाजलाई असर पर्न सक्ने प्रकृतिका व्यवसायहरूमा छिमेकोहरूको समेत मञ्जुरीनामा

**७. प्रमाण-पत्र सम्बन्धी व्यवस्थाः-**

(क) माथि ६.१ मा उल्लिखित कागजातहरू प्राप्त भईसके पश्चात तोकिएको दस्तुर लिई कार्यालयबाट अनुसूची-३ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाण-पत्र दिइनेछ ।

**८. व्यवसाय नविकरण सम्बन्धी व्यवस्थाः-**

(क) दफा ७ बमोजिम प्रदान गरिएको प्रमाण पत्र दफा १२ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्था बाहेक चालु आ.व. को अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(ख) प्रत्येक व्यवसायीले आर्थिक वर्षको आश्विन मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रूपमा गाउँकार्यपालिकाबाट नविकरण गरिसक्नु पर्नेछ । व्यवसाय नविकरणको प्रमाण-पत्र कार्यालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

(ग) उपदफा (क) बमोजिम प्रमाण पत्रको अवधि समाप्त भएका प्रत्येक व्यवसायीले प्रमाण पत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित अनुसूची २ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ।

**९. व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः-**

(क) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क/दस्तुर राजस्व परामर्श समितिको सिफारिसमा गाउँ सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) चालु आ.व. २०७७।०७८ को हकमा अनुसूची-२ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइने छ ।

(ग) आ.व. समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(घ) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय सञ्चार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद-३

## अनुगमन तथा कारबाही

**१०. मूल्यसूची सम्बन्धी व्यवस्थाः-**

सम्पूर्ण व्यवसायीहरूले अनिवार्य रूपमा उपभोक्ताहरूले प्रस्टसँग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

**११. बजार अनुगमन सम्बन्धी व्यवस्थाः-**

(क) यस गाउँपालिकाभित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वच्छ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिने छ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गर्न गाउँ कार्यपालिकाले बजार अनुगमन निर्देशिका जारी गर्न सक्नेछ ।

**१२. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्थाः-**

देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवासय बन्द गर्न सक्नेछ ।

(क)तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रीहरू बेचविखन गरेमा

(ग) कालाबजारी गरेमा

(घ) गुणस्तरहिन सामाग्रीहरू बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरू बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरू बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरू बेचविखन गरेमा

१३. कारबाही र जरिवाना सम्बन्धी व्यवस्थाः-

(क)बजार अनुगमन क्रममा देहायका अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना तुरुन्त गरिनेछ ।

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रू २०००।– |
| (ख) प्रमाण-पत्र नराखेमा | रू २०००।– |
| (ग) तोकिएको समयभित्र व्यवसाय दर्ता नविकरण नगरेमा | रू ५०००।– |
| (घ) गुणस्तरहीन सामाग्रीहरू बेचविखन गरेमा | रू १०,०००।– |
| (ङ) म्याद नाघेका सामाग्रीहरू बेचविखन गरेमा | रू १०,०००।– |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरू बेचविखन गरेमा | रू १०,०००।– |

(छ) प्रदुषित, फोहोर सामाग्रीहरू बेचविखन गरेमा रू ५,०००।– (२उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद-४

## विविध

१४. बाधा अड्काउ सम्बन्धी व्यवस्थाः-

(क)यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन र गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्ने छ ।

(ख) यस कार्यविधिको कार्यान्वयमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्ने छ ।

**१५. विशेष व्यवस्थाः-**

माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भए तापनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को कानुनले ऐन खारेज नभएसम्म यो कार्यविधिका भएका व्यवस्था पूर्ण रूपमा सक्रिय रहने छन् ।

## अनुसूची-१

### दफा ६ संग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी ।

विषयः व्यवसाय दर्ता/नविकरण गरी पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको व्यवसाय सञ्चालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

**क) खुलाउनुपर्ने विवरण**

१. फर्म वा कम्पनीको नामः-
२. ठेगानाः-
३. कारोबार व्यवसायको किसिमः-
४. मालिक/साझेदार/संचालक मूख्य व्यक्तिको नामः-
५. कारोबारको मूख्य स्थानः-
६. पुँजी    क) चालु पुँजीः-    ख) स्थिर पुँजीः-
७. फोन नंमरः-    इमेलः-

**ख) संलग्न कागजातहरू**

१) हालसालै खिचेको २ प्रति फोटो
२) नागरिकता प्रमाण-पत्रको प्रतिलिपी
३) वडा कार्यालयको सिफारिस
४) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
५) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा
६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा
७) उद्योगको वाणिज्य संघको सिफारिस पत्र
८) नविकरणको हकमा अघिल्लो आ.व. को कारोवारको कर चुक्ता भएको प्रमाण पत्र

निवेदक
नामः-
पदः-(संस्थाका लागि मात्र)
ठेगानाः-
मितिः-

## अनुसूची-२

## दफा ९(ख) सँग सम्बन्धित

## व्यवसाय दर्ता र नविकरण कर तथा शुल्कको दर (रूपैयाँमा)

| क्र.स. | व्यवसायको नाम | प्रति फर्म दर्ता शुल्क | प्रति फर्म नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा (रक्सी जन्य) तथा सूर्तीजन्य व्यवसाय | | | |
| | क) थोक विक्रेता | ४०००।०० | १०००।०० | |
| | ख) खुद्रा बिक्रेता | २०००।०० | ५००।०० | |
| २ | इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स | | | |
| | क) थोक बिक्रेता | ४०००।०० | १०००।०० | |
| | ख) खुद्रा बिक्रेता | २०००।०० | ५००।०० | |
| ३ | कपडा पसल | | | |
| | क) कपडा पसल (खुद्रा बिक्रेता) | १०००।०० | २५०।०० | |
| | ख) फेन्सी कपडा (रेडिमेड) | १०००।०० | २५०।०० | |
| ४ | गहना (ज्वैलरी) पसल | | | |
| | क) सबै खाले गहना निर्माण तथा बिक्रि गर्ने | ५०००।०० | १२५०।०० | |
| | ख) स-साना गहना निर्माण बिक्रि गर्ने | २०००।०० | ५००।०० | |
| ५ | हार्डवयर एण्ड सप्लायर्स | | | |
| | क) थोक बिक्रेता | ५०००।०० | १२५०।०० | |
| | ख) खुद्रा बिक्रेता | ३०००।०० | ७५०।०० | |
| ६ | कम्प्युटर, टेलिभिजन, फोटोकपी, विद्युत सामान, क्यामेरा, टेलिभिजन र रेडियो | | | |
| | क) थोक बिक्रेता | ५०००।०० | १२५०।०० | |
| | ख) खुद्रा बिक्रेता | १०००।०० | २५०।०० | |
| ७ | पेट्रोल/डिजेल पम्प तथा ग्याँस | | | |
| | क) थोक बिक्रेता | २०००।०० | ५००।०० | |
| | ख) ग्यास तथा मट्टीतेल बिक्रि गर्ने | १०००।०० | २५०।०० | |
| ८ | दैनिक उपभोगका खाद्य पदार्थ (खाद्यान्न, तरकारी तथा फलफुल समेत) | | | |
| | क) थोक बिक्रेता | १०००।०० | २५०।०० | |
| | ख) खुद्रा बिक्रेता | ७००।०० | १७५।०० | |
| ९ | पर्यटन, व्यवसाय, आवास, होटेल, रेष्टुरा, रिसोर्ट | | | |
| | क) ५० लाख भन्दा माथि पुंजी भएको | १५०००।०० | ३७५०।०० | |
| | ख) २५ देखि ५० लाख सम्म पुंजी भएका | ८०००।०० | २०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | ग) १० देखि २५ लाख सम्म पुँजी भएका | ७०००।०० | १७५०।०० | |
| | घ) ५ देखि १० सम्म लाख सम्म पुँजी भएका | ३०००।०० | ७५०।०० | |
| | ङ) १ देखि ५ लाख सम्म पुँजी भएका | २०००।०० | ५००।०० | |
| | च) १ लाख सम्म पुँजी भएका | १०००।०० | २५०।०० | |
| १० | कार्पेट | | | |
| | क) थोक बिक्रेता | २०००।०० | ५००।०० | |
| | ख) खुद्रा बिक्रेता | १०००।०० | २५०।०० | |
| ११ | सेवा तथा उद्योग | | | |
| | क) परामर्श सेवा | २५००।०० | ६२५।०० | |
| | ख) फोटोग्राफी | १०००।०० | २५०।०० | |
| | ग) शीत भण्डार | ५०००।०० | १२५०।०० | |
| १२ | निर्माण तथा औद्योगिक | | | |
| | क) सडक, पुल तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा | १००००।०० | २५००।०० | |
| १३ | विशेष परामर्श तथा अन्य व्यवसायीक सेवा | | | |
| | क) इन्जिनियर | २०००।०० | ५००।०० | |
| | ख) कानुन व्यवसायी | २०००।०० | ५००।०० | |
| | ग) लेखा परीक्षक | २०००।०० | ५००।०० | |
| | घ) अनुसन्धानकर्ता तथा परामर्श दाता | २५००।०० | ६२५।०० | |
| | ङ) कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २०००।०० | ५००।०० | |
| | च) बीमा एजेन्ट | २०००।०० | ५००।०० | |
| | छ) सर्भेयर | २०००।०० | ५००।०० | |
| | ज) सामान ढुवानी कर्ता तथा कम्पनी | २०००।०० | ५००।०० | |
| | झ) संस्थागत पेन्टर | ३०००।०० | ७५०।०० | |
| १४ | सवारी साधन बिक्रि केन्द्र | | | |
| | क) सवारी साधन बिक्रेता | १०,०००।०० | २५००।०० | |
| १५ | उत्पादन मूलक उद्योग | | | |
| | क) कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग | ३०००।०० | ७५०।०० | |
| १६ | कृषि तथा वन्यजन्य उद्योग | | | |
| | क) वन पैदावारमा आधारित उद्योग (उत्पादन गर्ने) | ५०००।०० | १२५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| | ख) वन पैदावारमा आधारित व्यवसायमा | ३०००।०० | ७५०।०० | |
| | ग) कृषिमा आधारित उद्योग व्यवसायमा | १०००।०० | २५०।०० | |
| १७ | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | | | |
| | क) क श्रेणीको | १०,०००।०० | २५००।०० | |
| | ख) ख श्रेणीको | ६०००।०० | १५००।०० | |
| | ग) ग श्रेणीको | ४५००।०० | ११२५।०० | |
| | घ) घ श्रेणीको | ४०००।०० | १०००।०० | |
| १८ | खनिज उद्योग | | | |
| | क) खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १०,०००।०० | २५००।०० | |
| १९ | उर्जा मूलक उद्योग | | | |
| | क) जलस्रोत, वायु, शौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्यास, अन्य स्रोतहरूबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ५०००।०० | १२५०।०० | |
| २० | स्वास्थ्य सेवा | | | |
| | क) गैर सरकारी अस्पताल | ७०००।०० | १७५०।०० | |
| | ख) नर्सिङ होम | ६०००।०० | १५००।०० | |
| | ग) क्लीनिक तथा ल्याब | ५०००।०० | १२५०।०० | |
| २१ | सञ्चार सेवा | | | |
| | क) टेलिफोन, टि.भी. को टावर | १०,०००।०० | २५००।०० | |
| | ख) निजी क्षेत्रको हुलाक सेवा | १०००।०० | २५०।०० | |
| | ग) निजी क्षेत्रको टेलिफोन, फ्याक्स, फोटोकपी, मोवाइल फोन, STD, ISTD इमेल, रेडियो पेजिङ आदि | २०००।०० | ५००।०० | |
| | घ) कुरियर सेवा | १०००।०० | २५०।०० | |
| २२ | शिक्षा सेवा | | | |
| | क) निजी क्षेत्रका स्कुल | ३०००।०० | ७५०।०० | |
| | ख) तालिम तथा अनुसन्धान केन्द्र | २०००।०० | ५००।०० | |
| | ग) टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २०००।०० | ५००।०० | |
| २३ | मर्मत सम्भार | | | |
| | क) हेवी इक्युपमेन्ट बस, ट्रक, कार, मोटर, साइकल, टेम्पो, साइकल, आदि मर्मत कारखाना | २०००।०० | ५००।०० | |
| | ख) रेडियो, टि.भि. घडी, प्रेशर कुकर, हिटर, | १५००।०० | ३७५।०० | |

| | | | | |
|---|---|---|---|---|
| | टेलिफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र | | | |
| २४ | वित्तीय सेवा | | | |
| | क) नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | १००००।०० | २५००।०० | |
| | ख) आर्थिक कारोबार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ८०००।०० | २०००।०० | |
| | ग) वित्तीय कम्पनीको शाखा कार्यालय | ३०००।०० | ७५०।०० | |
| | घ) वीमा कम्पनी | ८०००।०० | २०००।०० | |
| | ङ) विदेशी मुद्रा सटही | ३०००।०० | ७५०।०० | |
| | च) धितोपत्र सटही | ३०००।०० | ७५०।०० | |
| | छ) सहकारी बैंक | २०००।०० | ७५०।०० | |
| २६ | अन्य व्यवसाय | | | |
| | क) पार्क पिकनीक स्पट | १०००।०० | २५०।०० | |
| | ख) टुर अपरेटर | ४०००।०० | १०००।०० | |
| २७ | अन्य सेवा | | | |
| | क) विज्ञापन सेवा | १५००।०० | ३७५।०० | |
| | ख) ब्युटी पार्लर, केश सिंगार, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेन्टर आदि | १०००।०० | २५०।०० | |
| | ग) साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १०००।०० | २५०।०० | |
| | घ) पशु वधशाला | १५००।०० | ३७५।०० | |
| | ङ) मासु बिक्रेता | १०००।०० | २५०।०० | |
| | च) फुल र विरूवा बिक्रेता | ५००।०० | १२५।०० | |
| | छ) खोटो व्यवसायी | १०००।०० | २५०।०० | |
| | ज) सिसा प्लाइउड बिक्रेता | २०००।०० | ५००।०० | |
| | झ) भाँडाकुँडा बिक्रेता | १०००।०० | २५०।०० | |
| | ञ) स्टील, काठ, फर्निचर बिक्रेता | १०००।०० | २५०।०० | |
| | ट) खेलौना, उपहार (गिफ्ट) बिक्रेता | ५००।०० | १२५।०० | |
| | ठ) कुटानी, पिसानी र पेलानी मिल | ६००।०० | १५०।०० | |
| | ड) पोल्ट्री फर्म | १००।०० | २५।०० | |
| | ढ) सार्वजनिक सडक बत्ती सेवा शुल्क (प्रति गोटा) | २५।०० | ६।२५ | |
| | ण) विद्युत पोल (एच.टी.) (प्रति गोटा) | ६००।०० | १५०।०० | |

अनुसूची-३

दफा (७) सँग सम्बन्धित

# रघुगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
## व्यवसाय दर्ता प्रमाण-पत्र

श्री ...........................

................................

प्रस्तुत विषयमा तपाईलाई "रघुगंगा गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७७" को दफा(७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मर्यादित तवरले आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ ।

| | | |
|---|---|---|
| व्यवसायको नाम | | |
| व्यवसायको प्रकार | | |
| कुल पुँजी | | |
| | चालुः | स्थीरः |
| व्यवसाय सञ्चालन गर्ने स्थान | | |

प्रमाण-पत्र जारी गर्नेको

सहीः-

नामः-

(कार्यालयको छाप)

पदः-

मितिः-

नविकरण (पछिल्लो पट्टी)

| नविकरण गरेको मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको नाम र दस्तखत |
|---|---|---|---|
| | | | |

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत